# SEE 2080 (2024)
# अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणका कुनै दुई तत्वहरुको नाम लेख्नुहोस् ।

२. मानव विकास सूचकाङ्कबाट कुनै पनि देश विकासको वास्तविकता थाहा पाउन सकिन्छ, कसरी ? एक वाक्यमा लेख्नुहोस् ।

३. हाम्रो समाजमा प्रचलित प्रथासँग सम्बन्धित अन्धविश्वासको एक उदाहरण लेख्नुहोस् ।

४. घरेलु हिंसा नियन्त्रण गर्न उपयुक्त हुने एक सन्देशमूलक प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. जनमत सङ्ग्रहलाई किन प्रजातान्त्रिक प्रक्रिया भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

६. दोस्रो जनआन्दोलनको प्रमुख उपलब्धि केलाई मान्नुहुन्छ ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

७. जीवन बिमाको अर्थ एक वाक्यमा लेख्नुहोस् ।

८. वैदेशिक रोजगारमा गएका तपाईंका आफन्तले विदेशमा कमाएर पठाएको विप्रेषण रकमलाई कसरी सदुपयोग गर्न सुझाव दिनुहुन्छ ? कुनै एक सुझाव उल्लेख गर्नुहोस् ।

९. सूचना तथा सञ्चार प्रविधिको महत्त्व बारे एक वाक्यमा लेख्नुहोस् ।

१०. 'सोचमा विश्वव्यापीकरण काममा स्थानीयकरण' भन्ने भनाइको पक्षमा आफ्नो तर्क एक वाक्यमा दिनुहोस् ।

११. समुदायको स्वास्थ्यमा सुधार गर्न तपाईंको समुदायले गरेको कुनै एक कार्य लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "हाम्रो राष्ट्रिय गानमा नै झल्किएको छ हाम्रो पहिचान" यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

१३. दिगो विकासको आर्थिक, सामाजिक महत्त्व चार बुँदामा उल्लेख गर्नुहोस् ।

१४. तपाईंले अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनीबाट प्राप्त गर्नुभएको प्रेरणालाई आफ्नो जीवनमा कसरी प्रयोग गर्नुहुन्छ ? लेख्नुहोस् ।

१५. विश्वमा विश्वबन्धुत्व र मानवता कसरी अभिवृद्धि गर्न सकिएला ? आफ्ना विचारहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

अथवा

हाम्रा ऐतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा भएका प्रयासहरूको मूल्याङ्कन गर्नुहोस् ।

१६. नेपालमा बढ्दो भ्रष्टाचारको प्रवृत्तिले समाजमा पारेको प्रभाव चार बुँदामा विश्लेषण गर्नुहोस् ।

१७. सङ्घीय कार्यपालिका र न्यायपालिकाको अन्तरसम्बन्ध दर्साउनुहोस् ।

१८. 'हावापानीले सामाजिक जनजीवनमा प्रभाव पार्छ ।' आफू बसोबास गरेको भौगोलिक क्षेत्रको उदाहरणबाट चार बुँदामा स्पष्ट पार्नुहोस् ।

१९. "संयुक्त राष्ट्र सङ्घका समसामयिक चुनौती" शीर्षकमा एक दैनिक पत्रिकामा प्रकाशनार्थ सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

२०. नेपालको पहाडी तथा मध्य पहाडी क्षेत्रमा सडक यातायात तथा भौतिक पूर्वाधारको विकास भएता पनि बसाइँसराइको प्रवृत्ति नरोकिनुका कारणहरू चार बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको आवश्यकता पहिचान गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) कञ्चनजङ्घा हिमाल

(ख) मधेस प्रदेश

(ग) नारायणी नदी

(घ) खप्तड राष्ट्रिय निकुञ्ज

**अथवा**

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) एन्जल झरना

(ख) अमेजन नदी

(ग) पाटागोनिया मरुभूमि

(घ) उरुग्वे

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

दक्षिण अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक अवस्थाको सम्बन्धमा उल्लेख गर्नुहोस् ।

२३. दोस्रो विश्वयुद्धपछि देखिएका प्रभावहरूको सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

२४. 'नेपालमा पर्यटनको सम्भावना र यसको महत्त्व' शीर्षकमा दुई साथीबिच संवाद तयार पार्नुहोस् ।

●●●